**खनियाबास गाउँपालिकाद्धारा प्रकाशित**

# खनियाबास गाउँपालिका राजपत्र

खण्डः २ संख्याः... मितिः २०७६ फागुन, १२ गते सोमबार

## भाग-२

खनियाबास गाउँपालिका

धादिङ्ग जिल्ला

बागमती प्रदेश, नेपाल

खनियाबास गाँउपालिकाले बनाएको तल उल्लेख बमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भूमिका

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ। नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ। यसै कार्यलाई गाउँपालिकामा कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन्।

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ।

गाउँपालिकामा लैङ्गिक तथा समावेशी विकास पक्षलाई विकास एवं प्रवर्धन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण कार्यविधि २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

यस कार्यविधिले स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाई गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने कार्यमा सहयोग पुऱ्याउने विश्वास लिईएको छ।

# विषय सूचि

१. पृष्ठभूमि
२. संक्षिप्त नाम र प्रारम्भ
३. परिभाषा
४. कार्यविधिको उद्देश्य
५. नीति
६. रणनीति
७. कार्यविधिको कार्यक्षेत्र
८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका प्रक्रियाहरु
१०. कार्यविधिको संशोधन

## अनुसूचीहरु

अनुसूची १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु
अनुसूची २ : माकुरे जालो चित्र विश्लेषण
अनुसूची ३ : सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू
अनुसूची ४ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
अनुसूची ५ : लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू
अनुसूची ६ : प्रतिवेदन नमुना

## खनियाबास गाउँपालिकाको

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७६

**प्रस्तावना** :

नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको ***"सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प"*** लाई साकार पार्न गाउँपालिका द्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउँदै राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका प्रतिबद्धता अनुसार कार्य गर्न संविधानको धारा २१४ र २२१ को उपधारा (१) को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ......... पालिकामा लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्यान्वयन तथा प्रवर्द्धन गर्न बाञ्छनीय भएकाले ......................... गाउँपालिका/नगरपालिकाको मिति .... ..... को कार्यपालिकाको बैठकले यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण कार्यविधि २०७६ पारित गरी लागू गरेको छ ।

# परिच्छेद -१

# पृष्ठभूमि, संक्षिप्त नाम र प्रारम्भ, परिभाषा

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, वालवालिका, दलित आदीको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदानगर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला,

बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ : (१)** यस कार्यविधिको नाम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि खनियाबास कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

ख) **"गाउँपालिका"** भन्नाले खनियाबास गाउँपालिका सम्झनुपर्दछ ।

ग) **"कार्यपालिका"** भन्नाले खनियाबास पालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

घ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको गाउँपालिकाले तयार गरेको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

छ) **"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कार्यालय वा गाउँपालिकामा समावेशी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ज) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

झ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ञ) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई वा समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

ट) **“स्थानीयकरण”** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवम् अधिक्तम उपयोग गर्ने प्रक्रिया हो ।

ठ) **“बञ्चित समुह“** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ड) **“अल्पसंख्यक”** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

ढ) **‘‘सीमान्तीकृत”** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ण) **”लैङ्गिक समता”** भन्नाले अवसर र न्यायबाट बन्चित महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यकलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

त) **”लैङ्गिक समानता”** भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

थ) **”लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण”** भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

द) **“लक्षित समूह”** भन्नाले संविधानको भाग १८ मा उल्लेख भएको सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकका अतिरिक्त नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ

ध) **“लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट”** भन्नाले गाँउपालिकाको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, समलिङ्गी तथा तेश्रो लिंगी, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

न) **“लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण”** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक तथा लैङ्गीक अल्पसंख्यक बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।

प) **“लैङ्गिक मूलप्रवाहीकरण”** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

फ) **“लैङ्गिक उत्तरदायी बजेट”** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

ब) **“लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरू”** भन्नाले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता तथा धर्मका आधारमा अस्तित्व पहिचान

गुमाई राज्यले उपलव्ध गराउने सेवा वा सुविधामा समान अवसर र पहुँच साथै सेवा सुविधाको उपभोग वा उपयोगमा भेदभावमा परेका समूहहरूको अवस्थालाई सम्झनु गर्दछ ।

भ) **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

म) **"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

य) "**लैससास कार्यदल"** लैससास परिक्षणका लागि गाउँपालिकाले तयार गर्ने लैससास मैत्री कार्यदललाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## कार्यविधिको उद्देश्य, नीति, सिद्धान्त, रणनीति र कार्यक्षेत्र

**४. कार्यविधिको उद्देश्य** :

यस कार्यविधिको मुख्य उद्देश्य ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

**५. नीति :** यो कार्यविधिको कार्यान्वयन गर्दा देहायका नीतिहरु अवलम्वन गरिनेछ ।

(क) गाउँपालिकाले संचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागिताका लागि कार्यक्रम कार्यान्वयन गरि मूल प्रवाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति लिनेछ ।

(ख) गाउँपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गर्दै गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

**६. रणनीति :** यो कार्यविधी कार्यन्वयनका लागि देहायका रणनीतिहरु अवलम्वन गरिनेछ ।

क) स्थानीय तहमा महिला, गरीब र बहिस्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावरण र संस्कृति, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्याङ्कन र अनुसन्धान आदि कार्य मार्फत वहिस्करणमा परेका समुदायहरुको समस्या र सवाल पहिचान गरि, उनीहरुलाई विशेष अवसर दिई सवाल र समस्याको सम्बोधन गर्दै स्थानीय विकास प्रक्रियामा उनीहरुको मुलप्रवाहिकरण गरिनेछ ।

ख) लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा समावेश गरि लैगिक समानता र सबै पहिचान र पृष्ठभुमीका नागरिकहरुको अर्थपूर्ण सहभागिता गराई लैगिक तथा सामाजिक मूलप्रवाहिकरण गर्दै लगिनेछ ।

ग) विकासका अवसरबाट बन्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब, महिला, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडाबर्ग, अल्पसंख्यक आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई, सवल बनाई उनीहरुको सशक्तिकरण गर्दै लगिनेछ ।

**७. कार्यविधिको कार्यक्षेत्र** :

संविधानको धारा १८ मा व्यवस्था भएको समानताको हक अन्तर्गत “सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनीक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन” भन्ने व्यवस्था बमोजिम ………… पालिकाले ती वर्गका हितका लागि विगतमा गरेका गतिविधिहरुको यस कार्यविधिमा तोकिएका सूचकहरुको अधिनमा रही परीक्षण वा लेखाजोखा गर्नेकार्य यस कार्यविधिको कार्यक्षेत्रमा पर्दछ ।

यसैगरी गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाई सामाजिक क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरु संचालन गर्ने विकास साझेदारहरु जस्तै संघीय सरकार, प्रदेश सरकार, अन्तर्राष्ट्रिय गैसस, गैसस तथा सामाजिक संस्थाहरुले यस क्षेत्रमा गरेका क्रियाकलापहरुको मापन गर्नेकार्य समेत यसै कार्यविधिको कार्यक्षेत्र मानिने छ ।

# परिच्छेद -३

## लैससास परीक्षण विधि तथा प्रकृयाहरु

### ८. लैससास परिक्षण विधि :

गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण गर्दा एउटा लैससास मैत्री कार्यदल बनाई कार्य गरिनेछ । लैससास परिक्षण  कार्यान्वयन गर्दा निम्न विधिहरु अपनाई गाउँपालिकामा लैससासको अवस्था विश्लेषण गरिनेछ ।

१. दस्तावेज समिक्षा : लैससास कार्यदलले गाउँपालिकाको दस्तावेजहरू (जस्तै ऐन, कानून, नीति, कार्यविधि, क्षमता विकास योजना बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, जिल्ला, नगर, र गाउँपालिका प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू आदिको लैससासको दृष्टिकोणबाट विस्लेषण र पुनरावलोकन गरी Inception प्रतिवेदन तयार गरिनेछ ।

२. लक्षित समुदाय छलफल: लैससास बजेट परीक्षण गर्दा गाउँपालिकासँग सरोकार राख्ने समुहहरु सँग सम्वन्धित सवालहरुमा अझ बढि जानकारी लिनको लागि कार्यविधिको अनुसूचीमा संलग्न प्रश्नावलीहरुका आधारमा लक्षित समुदाय छलफल गरिनेछ ।

३. मुख्य सूचनादातासँग अन्तरवार्ताः लैससास परिक्षणको गोष्ठी संचालन पुर्व सम्वन्धित सुचना संकलन र छलफलहरुवाट आएका नतिजाहरुको वारेमा पुष्ट्याई तथा थप जानकारी लिनका लागि गाउँपालिकाका मुख्य सरोकारवाला वा प्रतिनिधीहरुसँग अन्तरवार्ता गरिनेछ ।

४. कार्यशाला संचालन (सूचकहरुको लेखाजोखा) :

(क) अनुसूची १ बमोजिमका सूचक अनुसार अंकभार दिनका लागि कार्यशाला संचालन गरिनेछ । लैससास परिक्षणका लागि समावेश गरिएका मुख्य ८ वटा सूचक रहेका छन् जसमा गाउँपालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, लैससास विश्लेषणमा आधारित योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन, आन्तरिक संरचना, क्षमता विकास, नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता, सेवा प्रवाह र संस्थागत संस्कृति, सुशासन रहेका छन । प्रत्येक सुचकहरुमा  ७ वटा प्रश्नहरु राखिएका छन् र तिनै प्रश्नहरूको आधारमा गाउँपालिका पदाधिकारीहरू र कमर्चारीहरूसँग छलफल गरनेछ । सहभागितात्मक छलफलको आधारमा उक्त वुँदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरू प्रदान गरिने छ ।

(ख) विभिन्न शीर्षकहरूमा प्राप्त अंकहरूलाई माकुरेजालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमुना चित्र राखिनेछ । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई

निरन्तरता दिँदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा गाउँपालिकालाई एक आदर्श स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्ययोजना बनाई अगाडि बढाउन कार्ययोजना बनाइनेछ ।

५. सवल, सुधारात्मक, अवसर र चुनौती विश्लेषण: लैससास कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाकै अवधीमा लैससासका लागि विगतमा भएगरेका गतिविधिहरु र अनुभवको आधारमा गाउँपालिकाको लैससास सम्वन्धी सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती पहिचान गरिनेछ ।

६. कार्ययोजना तयार : सहभागितात्मक प्रकृयाबाट पहिचान गरिएका सुधार गर्नु पर्ने पक्षहरूलाई समाधान गर्न अनुसूचीमा ४ मा उल्लेख भएको ढाँचामा कार्ययोजना तयार गरिनेछ । यस कार्ययोजनालाई गाउँपालिकाले वार्षिकरुपमा अनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरे जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नुपर्ने छ । सुधार गर्नुपर्ने पक्षहरूलाई पुनः कार्ययोजना बनाई निरन्तर कार्यान्वयन गरिनेछ ।

७. प्रतिवेदन तयार : यस कार्यविधिको अनुसूची ६मा उल्लेख भएको लैससास परिक्षणको प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनका रुपमा तयार गरिनेछ ।

## ९. लैससास परीक्षणका प्रक्रियाहरू :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण मुख्यतः तीन चरणमा विभाजन गरि चालु आ.व. को पहिलो चौमासिक भित्र सम्पन्न गरिनेछ ।

### ९.१. तयारी चरण (समय १ दिन)

(क) लैससास परीक्षणका उद्देश्य र प्रकृयाका वारेमा जनप्रतिनिधी र कर्मचारी हरुलाई जानकारी गराउने, अभिमुखीकरण गर्ने ।

(ख) कायर्शाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीहरूको व्यवस्था गर्ने

ग) जनप्रतिनिधी तथा कर्मचारीहरुसँग तयारी वैठक बस्ने, लैससास परीक्षणको लागि सहभागीहरूको सूची तयार गर्ने, लैससास कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान, समय अवधि तोक्ने

घ) लैससास परीक्षणका लागि कार्यदल बनाउने ।

### ९.२. कार्यान्वयन चरण ( समय ३ दिन)

(क) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, कर्मचारी र समितिका पदाधिकारीहरू समेत लैससास परीक्षण वैठकमा समावेश गराइनेछ ।

(ख) लैससास परिक्षण कार्यशाला गोष्ठीको समय २ दिन र पुष्ट्याईका आधारहरु संकलन गर्न १ दिन लाग्नेछ ।

(ग)  लैससास परीक्षण कार्य गाउँपालिकाको आन्तरिक स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले गाँउपालिकामा यस विषयमा विशेष सहजीकरण गर्ने सीप भएका व्यक्तिले सहजीकरण गर्न सक्नेछन् ।

(घ) लैससास परीक्षण कार्यको सहजीकरण गर्न गाउँपालिकाले आवश्यक ठानेमा बाह्य स्रोत व्यक्ति पनि लिन सकिनेछ ।

(ङ) गाउँपालिकाका पदाधिकारीहरू र कर्मचारीहरूको सहभागिताद्धारा लेखाजोखाको ढाँचा अनुसूची १ अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अंक दिइनेछ ।

(च) प्रत्येक प्रश्नावलीमा पाएको अंकको आधारमा पालिकाको वर्तमान अवस्था अनुसुचि २ अनुसारको माकुरेजालोमा चित्रण गरिनेछ ।

(छ) प्राप्ताङ्कको आधारमा गाउँपालिकाको लैससास क्षेत्रको सबलपक्ष, सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौति पहिचान हुनेछ । अनुसुचि ३ अनुसार पुर्णाङ्क अंक प्राप्तलाई सवल पक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिनेछ ।

(ज) पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्न अनुसुचि ४ कार्ययोजना तयार गरिनेछ ।

**९.३. प्रतिवेदन चरण ( समय २ दिन)**

माथि उल्लेखित विश्लेषणका आधारमा कार्यपालिकामा पेश गर्नका लागि लैससास कार्यदलले विस्तृत प्रतिवेदन तयार गर्नेछ। यस्तो प्रतिवेदन कार्यपालिका वैठकमा पेश गरी प्राप्त सुझाव तथा निष्कर्षहरुको कार्यान्वयन गरिनेछ । मुख्य प्राप्तीहरु अनुसुचि ५ मा र प्रतिवेदनको ढाँचा अनुसुचि ६ मा उल्लेख गरिएको छ ।

**१०. कार्यविधिको संशोधन :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७६ मा थपघट तथा संशोधन गर्नु परेको खण्डमा यसको भावना र मर्मलाई थप सुदृढ गर्ने गरी कार्यपालिकाको निर्णयबाट थपघट तथा संशोधन गर्न सकिनेछ ।

### अनुसूची १

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु
### (GESI Audit)
### नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | | | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | | | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | | | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | | | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | | | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | | | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद / दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| **२** | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | **०–१** | | | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | **०–१** | | | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम बीचको तादम्यता छ वा छैन ? | **०–१** | | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | **०–१** | | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | **०–१** | | | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | **०–१** | | | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | **०–१** | | | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | **०–१** | | | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र | **०–१** | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | | | | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | | | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | | | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम/योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | | | |
| ४ | **आन्तरिक संरचना** | ७ | | | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | | | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | | | |
| घ | सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | | | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | | | |
| **५** | **क्षमता विकास** | **७** | | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | | | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |


| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | | | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | | | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्ग | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | | | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | | | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | | | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | **७** | | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | | | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | | | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | | | | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | | | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | | | |
| **८** | **सुशासन** | **७** | | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | | | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार | ०–१ | | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | माध्यम तथा सूचना पाटी वा सबैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | | | | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | | | |

## अनुसुचि २
## माकुरे जालो चित्र विश्लेषण



## अनुसुचि ३:
## सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसुचि ४ : लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

..... ...... ...... गाउँपालिका

माघ, ...... २०७६

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारकालागि आवश्यक कृयाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | **पर्ने** (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | | | |
| ७ | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १।३ | | | | | | |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | | २.१. | | | | | | |
| | | २.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |
| | | ३.१. | | | | | | |
| | | ३.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |
| | | ४.१. | | | | | | |
| | | ४.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **५.क्षमता विकास** | | | | | | | | |
| | | ५.१. | | | | | | |
| | | ५.२. | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| | | ६.१. | | | | | | |
| | | ६.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | | | |
| | | ७.१. | | | | | | |
| | | ७.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **८. सुशासन** | | | | | | | | |
| | | ८.१. | | | | | | |
| | | ८.२. | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसुचि ५:

(प्रतिवेदन लेखनका लागि)

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तिहरू

(Major Findings)

| मुख्य सुचक | प्रमुख प्राप्तिहरू |
|---|---|
| **१ गाँउालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | |
| १.१ | |
| १.२ | |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | |
| २.१ | |

| | |
|---|---|
| २.२ | |
| **३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | |
| ३.१ | |
| ३.२ | |
| | |
| **४ आन्तरिक संरचना** | |
| ४.१ | |
| ४.२ | |
| **५ क्षमता विकास** | |
| ५.१ | |
| ५.२ | |
| **६ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | |
| ६.१ | |
| ६.२ | |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | |
| ७.१ | |
| ७.२ | |
| **८.सुशासन** | |
| ८.१ | |
| ८.२ | |

# अनुसुचि ६
# प्रतिवेदन नमुना

१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु
४. अध्ययनका क्षेत्रहरु
५. अध्ययनको तरीका र विधि
६. सहभागिहरु
७.. विश्लेषणका औजारहरु
८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु
९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
    ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक
    ९.२ मााकुरे जालो
१०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु
११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
१२. निष्कर्ष
१३. सुझाव

अनुसूचीहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचक
- लैंगिक परक्षिण कार्यक्रमका केही झलकहरु
- सहभागी नामावली